**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १६ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले महाकुम्भलाई "मृत्युंजय कुम्भ" भनेर सम्बोधन गरेको बयानलाई लिएर चारैतिरबाट आलोचना भइरहेको छ।

- जीटीएका प्रमुख कार्यपाल अनित थापाले जीटीएसँग सम्बन्धित प्रशासनिक कार्यलाई लिएर विभिन्न विभागसँग बैठक गरिरहेको बताउनु भएको छ I

- बुक डे- कै दिन खरसाङको अप्पर मकैबारी प्राथमिक पाठशाला बन्द भेटिएपछि, विभागले सम्बन्धित पाठशालाका शिक्षक शिक्षिका माथि कारवाही गर्ने शिक्षा विभागका सभासद राजेस चौहानले बताउनु भएको छ I

- मेयर गौतम देवले आज सिलगढी नगर निगमको नयाँ भवनको आधिकारिक रूपमा उद्घाटन गर्नु भयो।

- सूचना अनि संस्कृतिक विभाग पश्चिम बङ्गाल खर्सांग अनि गोर्खा जन पुस्तकालय खर्सांगको शह आयोजनामा आगामी २१ फरवरीको दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस पालन गर्ने भएको छ I

**मुख्यमन्त्री वयान – विरोध**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले उत्तर प्रदेशको प्रयागराजमा आयोजित महाकुम्भलाई "मृत्युंजय कुम्भ" भनेर सम्बोधन गरेको बयानलाई लिएर चारैतिरबाट आलोचना भएको छ। उनको भनाइप्रति सन्त समाज र भारतीय जनता पार्टी (भाजपा) का नेताहरूले तीव्र प्रतिक्रिया जनाएका छन् र उनीहरूले माफी माग्नुपर्ने माग गरेका छन्। पश्चिम बंगाल विधानसभामा भाजपाका प्रमुख सचेतक शंकर घोषले यसलाई हिन्दू धर्मको धार्मिक परम्पराको घोर अपमान भएको बताउनु भएको छ। उहाले भन्नु भयो, "तृणमूल कांग्रेसको राजनीतिबाट यो स्पष्ट हुन्छ कि वर्तमान बंगाल सरकारले हिन्दू विरोधी नीति अपनाएको छ। भाजपा राज्यसभा सांसद समिक भट्टाचार्यले मुख्यमंत्री ममता बनर्जीको यो वयानले सम्पूर्ण भारतीय संस्कृतिको अपमान भएको बताउनु भएको छ। उहाले मुख्यमन्त्रीले आफ्नो अभिव्यक्तिको लागि सार्वजनिक रूपमा माफी माग्नु पर्ने माग गर्नु भएको छ। यसैबीच अखिल भारतीय सन्त समितिका महासचिव स्वामी जितेन्द्रानन्द सरस्वतीले पनि मुख्यमन्त्रीको वयानको कडा निन्दा गर्नु भएको छ। उहाले मुख्यमन्त्रीको यो भनाइको सम्पूर्ण सन्त समुदायले आलोचना गरिरहेको बताउनु भएको छ। अर्कोतिर अयोध्याको हनुमान गढी मन्दिरका महन्त राजु दासले ममता बनर्जीको वयानलाई अत्यन्तै दुर्भाग्यपूर्ण रहेको बताउनु भएको छ। उहाले विपक्षी दलका अधिकांश नेताहरूले हाल प्रधानमन्त्री नरेन्द्र मोदी र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथलाई लक्षित गरेर परम्परागत हिन्दू धर्ममाथि आक्रमण गरिरहेको बताउनु भयो।

****** ० ******

**जुनियर डाक्टर आन्दोलन**

पश्चिम बंगालमा जुनियर डाक्टरहरूको आन्दोलन फेरि चर्किएको छ। आरजी कार मेडिकल कलेज घटनाको न्यायको माग गरिरहेका आन्दोलनरत डाक्टरहरूले पुलिसमाथि "जानीबुझी उत्पीडन" गरेको आरोप लगाएका छन्। हिजो राति पश्चिम बंगाल जुनियर डाक्टर्स फ्रन्टले जारी गरेको प्रेस विज्ञप्तिमा यदि पुलिसको व्यवहार यस्तै रह्यो भने उनीहरू फेरि आन्दोलनको लागि सडकमा उत्रन बाध्य हुने उल्लेख गरिएको छ। आन्दोलनरत डाक्टरहरूले पुलिसले जुनियर डाक्टरहरूलाई निरन्तर दुर्व्यवहार गरिरहेको बताएका छन्। एक हप्ता अघि, विधाननगर साइबर अपराध विभागले विभिन्न मेडिकल कलेजका धेरै डाक्टरहरूलाई सोधपुछको लागि बोलाएको थियो। डाक्टरहरूले आरोप लगाएका छन् कि उनीहरूले व्यक्तिगत रूपमा वा भिडियो कल मार्फत सोधपुछमा

सहयोग गरेका थिए र भाग लिएका थिए, तर बारम्बार अनुरोध गर्दा पनि पुलिसले कुन उजुरीको आधारमा उनीहरू विरुद्ध यो सोधपुछ भइरहेको छ भन्ने कुरा स्पष्ट पारिरहेको छैन।

****** ० ******

**एबीभीपी- विरोध प्रदर्शन**

अखिल भारतीय विद्यार्थी परिषद् (एबीभीपी) ले आज पश्चिम बंगाल विधानसभा बाहिर विरोध प्रदर्शन गरेको छ। यो प्रदर्शन ममता बनर्जीको नेतृत्वमा रहेको तृणमूल कांग्रेस सरकारको विरुद्धमा गरिएको थियो। यसमा राज्यको शिक्षा क्षेत्रमा तुष्टीकरणको राजनीति, मदरसाहरूको लागि ठूलो बजेट विनियोजन र सरकारी शिक्षा प्रणालीलाई कमजोर बनाउने प्रयासको विरोध गरिएको थियो। एबीभीपी कार्यकर्ताहरूले ममता सरकार राज्यको शिक्षा प्रणालीलाई बर्बाद गर्न तल्लीन रहेको आरोप लगाएका छन्। संगठनले विभिन्न शैक्षिक संस्थाहरूमा सरस्वती पूजामाथि प्रतिबन्ध लगाउने प्रयास भइरहेको दाबी पनि गरेको छ, जुन राज्यको सांस्कृतिक परम्पराको विपरीत हो। कोलकाता पुलिसले विधानसभाको गेट नजिकै विरोध प्रदर्शन गरिरहेका धेरै कार्यकर्ताहरूलाई पक्राउ गरेको छ । एबीभीपीले ममता सरकारमाथि हिन्दू परम्परालाई दबाएको आरोप लगाउदै राज्यको शिक्षा प्रणालीमा सुधार गर्न कडा कदम चाल्नु पर्ने माग गरेको छ।

****** ० ******

**अनित थापा**

कोलकता भ्रमणमा रहनु भएका जीटीएका प्रमुख कार्यपाल अनित थापाले एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै जीटीए सँग सम्बन्धित प्रशासनिक कार्यलाई लिएर विभिन्न विभागसँग बैठक गरिरहेको बताउनु भएको छ । यसै क्रममा उहाले आज पञ्चायत अनि ग्रामीण विकास विभागका मन्त्री प्रदीप मजुम्दारसँग वैठक गरेको जानकारी गराउनु भएको छ । बैठकमा विभागका सचिव डा उलागानाथन, आईएएस, को पनि उपस्थिति रहेको थियो। श्री थापाले यस बैठकमा मन्त्रीलाई जीटीए क्षेत्रको दार्जीलिङ्ग अनि कालेबुङ जिल्लामा जिल्ला परिषद गठन गर्ने मांग गरेको बताउनु भएको छ । यसका साथै उहाले पञ्चायत अनि ग्रामीण विकास विभागका मजुम्दारलाई एक ज्ञापन पत्र बुझाएको पनि बताउनु भएको छ I

****** ० ******

**बुक डे- पाठशाला बन्द**

जीटीए शिक्षा विभागले 2022 देखि हरेक वर्ष 19 फरवरीको दिन 'बुक डे' पालन गर्दै आएको छ। आज बुक डेको उपलक्ष्यमा जीटीएका सबै प्राथमिक पाठशालाहरुमा "बुक डे" पालन गरिएको जीटीए शिक्षा विभागका कार्यकारी सभासद राजेश चौहानले जानकारी गराउनु भएको छ । आज सभासद राजेस चौहान लगायत शिक्षा विभागका कार्यकारी निर्देशक एम मोदक अनि खरसाङका एआई अफ् स्कूल रेजिना लेप्चाले खरसाङका विभिन्न प्राथमिक पाठशालाको परिभ्रमण गरे। श्री चौहानले आज पहाडको सम्पूर्ण सर्कलमा बुक डे पालन गरेको बताउनु भएको छ । यता बुक डे-कै दिन खरसाङको अप्पर मकैबारी प्राथमिक पाठशाला बन्द रहेको शिक्षा विभागका सभासद राजेश चौहानले जानकारी गराउनु भएको छ I उहाले भन्नु भयो, जब हामी भ्रमण गर्दै खरसाङको अप्पर मकैबारीस्थित प्राथमिक पाठशाला पुग्यौं, हामीले स्कूल बन्द पायौं। जब कि बुक डे पालन गर्ने सूचना सम्पूर्ण पाठशालालाई दिइएको थियो। उहाले भन्नु , यस्तो हेलचेक्राई विभागले मान्ने छैन। प्राथमिक शिक्षामा नयापन ल्याउने, विद्यार्थीलाई पढ्न प्रोत्साहित गर्ने, शिक्षाको गुणस्तर बढाउने जीटीए मुख्य कार्यपाल अनित थापाको सोच रहेको छ। विभागको आदेश पालन नगर्नु विभागले दिएको निर्देश नमान्नु हो। उहाले यस विषयमा विभागले सम्बन्धित पाठशालाका शिक्षक शिक्षिका माथि कारवाही गर्ने बताउनु भएको छ ।

****** ० ******

**एसएमसी- नयाँ भवन**

सिलगढी नगर निगमको नयाँ भवनको आज आधिकारिक उद्धाटन गरियो। मेयर गौतम देवले आज भवनको उद्धाटन गर्नु भयो । यस क्रममा उपमेयर रञ्जन सरकार लगायत अन्य पार्षद र अधिकारीहरू उपस्थित थिए। यो भवन १ करोड १६ लाख ५५ हजार ८ सय ३१ करोड रुपियाँको लागतमा निर्माण गरिएको हो।ठोस फोहोर प्रबन्धन, विपद् नियन्त्रण कक्ष, स्वास्थ्य विभाग, पानी विभाग र पार्किङ विभागका कार्यालयहरू नयाँ चार तल्ले भवनमा सारिएको छ। पुरानो महानगरपालिका भवनमा परेको चाप कम

गर्न महानगरपालिकाको स्थानमा यो भवन निर्माण गरिएको मेयर गौतम देवले बताउनु भएको छ। भविष्यमा केही थप कार्यालयहरू नयाँ भवनमा सारिने जानकारी प्राप्त भएको छ।

****** ० ******

**गोरामुमो – सन्दिप लिम्बु**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका युवा नेता सन्दीप लिम्बुले आज एक भिडियो जारी गर्नु हुदै जिटिए प्रमुख कार्यपाल अनित थापाले श्रम मन्त्री मलय घटकलाई सर्वे रोकिदिने अनुरोध गर्दै पत्राचार गर्नु नै जीटीएले आजसम्म चियाबारीका वासिन्दाहरुलाई अँध्यारो राखेको थियो भन्ने प्रमाण भएको बताउनु भएको छ । उहाले जीटीएले अहिले उठान गरेको पाच डेसिमल पर्जा पट्टाको सर्वेलाई रोक लगाउनु पर्ने मुद्धा झुटो हुन सक्ने शंका गर्नु हुदै सम्पूर्ण वगानवासीलाई सचेत भएर वस्नु पर्ने आह्वान गर्नु भएको छ I

****** ० ******

**सभासद भ्रमण**

चुङथुङ मरीबोङ तामसाङ समष्टि सभासद सन्दीप छेत्रीले आज विभागीय अभियन्ता अनि क्षेत्रीय नेतृत्वहरुसंग तामसाङ, मिम थापा धुरा, मिम कालु कमान अप्पर अनि लोअर परिभ्रमण गर्नु भयो I यसक्रममा उहाले विभिन्न गाउँका मानिसहरुसँग भेटवार्ता समष्टिबासीको समस्याहरू सुन्नु भयो। त्यसपछि उहाले मिम कमानको ९ किलोमिटरको बाटो जीटीए प्रमुख कार्यपाल अनित थापाको पहलमा कामको शुरुवात आउने केही दिनमा गरिने जानकारी गराउनु भयो भने तामसाङ फाटकदेखि तामसाङ पोखरीसम्मको ३ किलोमिटरको बाटो निर्माण कार्य भईसकेको बताएको पनि जानकारी गराउनु भयो I

****** ० ******

**अन्तर्राष्ट्रिय मातृभाषा दिवस**

सूचना अनि संस्कृतिक विभाग पश्चिम बङ्गाल खर्सांग अनि गोर्खा जन पुस्तकालय खर्सांगको शह आयोजनामा आगामी २१ फरवरीको दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस पालन गरिने भएको छ I कार्यक्रम खर्सांगको डा. पारसमणि प्रधान प्रेक्षागृहमा सम्पन्न हुने गोर्खा जन पुस्तकालयका मूल सचिव विनोद रसाइलीले जानकारी गराउनु भएको छ I स्मरण रहोस, सूचना अनि संस्कृतिक विभाग पश्चिम बङ्गाल खर्सांग अनि गोर्खा जन पुस्तकालय खर्सांगले गत केही वर्षदेखि २१ फरवरीको दिन अन्तराष्ट्रिय मातृभाषा दिवस पालन गर्दै आइरहेको छ भने मातृभाषाको सुरक्षा र सम्वर्धनको दृष्टिकोणमा यस दिवसको विशेष मान्यता र महत्व रहेको छ I

****** ० ******